# रूवी भ्याली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# सेर्तुङ, धादिङ

**आ.व.२०८०/०८१ का लागि विज्ञापन एजेन्सी/फर्म/कम्पनीहरुबाट पत्रपत्रिकामा सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सुचना ।**

यस गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा पत्रपत्रिकामा सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्नका लागि विज्ञापन एजेन्सी फर्म/कम्पनीहरुबाट यसै सुचनासाथ संलग्न विवरणहरु यस गाउँपालिकाको वेवसाईटवाट डाउनलोड गरी यो सुचना प्रकाशित भएको मितिले ७ कार्य दिन भित्र यस गाउँपालिकाको कार्यालयमा पेश गर्न सुचित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

# रूवी भ्याली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ

**पत्रपत्रिकामा सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव**

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८०।०४।१४**
**प्रस्ताव खोल्ने मितिः २०८०।०४।१५ गते दिनको २ बजे**
**प्रस्ताव खोल्ने स्थानः सेर्तुङ, धादिङ।**

त्यस गाउँपालिकाको सेर्तुङ, धादिङवाट पत्रपत्रिकामा विभिन्न सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्वन्धी प्रस्ताव माग भए वमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकाहरुमा सुचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेको छु/छौं ।

फर्म/कम्पनीको नामः

ठेगानाः

फर्म/कम्पनीकोतर्फवाट अख्तियारवालाको

दस्तखत (संचालक, प्रोप्राईटर वा संस्थाले अख्तियारी दिएको व्यक्ति)

पुरा नामः

मितिः

फोन नं.

फ्याक्स नं.

फर्मको छापः

मोवाईल नम्वरः

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## खण्ड क

## सामान्य जानकारी तथा शर्त

**१. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई  निर्देशन**

१.१ प्रस्तावदाताले प्रस्तावको वाहिरपट्टी शीरमा "रुवी भ्याली गाउँपालिकाको लागि पत्रपत्रिकामा सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्वन्धी प्रस्ताव" भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत, रूवी भ्याली गाउँपालिका, सेर्तुङ, धादिङलाई सम्वोधन गरेको हुनुपर्दछ ।

१.२ प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । सो लेख्दा भरिसक्य नबिराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । कथंकदाचित गल्ती भई सच्याउनु पर्ने भएमा अंक र अक्षर खुर्कनू वा मेट्नु हुदैन । गल्ती भएको अंक र अक्षर पढ्न सकिने गरी एउटा  धर्साले काटी थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो सो लेखी थप तथा काटेको ठाउंमा अरु अङ्क र अक्षर थप घट गर्न नमिल्नेगरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिइने छैन ।

१.३ प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेट समेत पेश गर्नुपर्नेछ ।

१.४ पेश भएका सम्पुर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपुर्बक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनु पर्नेछ ।

१.५ प्रस्ताव सम्बन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

१.६ प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा रहनेछ ।

१.७ रित नपुगेका र तोकिएका कागजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिनेछ ।

१.८ प्रस्ताव सम्वन्धी कुनै कुरा बुझ्नुपरेमा यस गाउँपालिकाको सेर्तुङ, धादिङमा सम्पर्क राख्न सकिनेछ ।

**२. प्रस्ताव दाताले कार्य  सम्पादनका सिलसिलामा पालना गनूपर्ने कार्यक्षेत्रगत शर्तहरुः**

२.१ कवोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेटमा लागु हुनेछ । सम्वन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाई जानकारी गराउनु  पर्नेछ ।

२.२ सम्वन्धित पत्रपत्रिकाले सुचना प्रकाशित गर्ने सम्वन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको थप छुट गाउँपालिकालाई समेत उपलव्ध गराउनु पर्नेछ ।

२.३ प्रकाशन गर्नु पर्ने सुचना यस गाउँपालिकाले दिएको लिखित आदेश वमोजिम् तोकिएको मिति, समय र पृष्टमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

२.४ यस गाउँपालिकाले दिएको आदेश विपरित प्रकाशित समाग्रीको रकम गाउँपालिकाले भुक्तानी गर्ने छैन ।

नविन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२.५ समान्यतया सुचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिन अगावै यथा समयमै लिखित आदेश र सुचना उपलब्ध गराइने छ । तर आकस्मिक रुपमा सुचना प्रकाशन गर्नु पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२.६ स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नुपर्ने सुचना गाउँपालिकाको सेर्तुङ, धादिङमा वा गाउँपालिकाले तोकेको ठाउँमा गई संकलन गर्नुपर्नेछ ।

२.७ स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो वापतको विल यस गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२.८ स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनैपनि वखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ ।

**३. प्रस्ताव दाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।**

प्रस्तावका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क. प्रस्तावदाताले यस गाउँपालिकाको सुचना प्रकाशन कार्य गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपुर्ण पोस्ट, नेपाल समाचारपत्र, नयां पत्रिका, कारोवार, राष्ट्रिय अभियान, दि हमालन टाईम्स, The Rising Nepal, The Kathmandu Post, Republica, The Himalayan Times लगायतका पत्रपत्रिकाको लागि आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख. प्रस्तावदाताले उपरोक्तानूसारको पत्रपत्रिकाको विज्ञापनको साइज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**४. मुल्याङ्कन सम्बन्धी व्यवस्था**

४.१ प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४.२ तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छुट्टाछुट्टै रुपमा मुल्याङ्कन गरिनेछ ।

४.३ तोकिए बमोजिमका कागजातहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनूरुप कार्य गर्न इच्छूक प्रस्तावदाताहरु मध्ये सवैभन्दा बढी छुटको प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्विकृत गरिनेछ ।

**५. भूक्तानी सम्बन्धी व्यबस्था**

५.१ स्वीकृत प्रस्तावदाता बाट कार्य सम्पन्न पश्चात पेश हुन आएको विलको भुक्तानी एकाउन्टपेयी चेकल वा विधुतीय भुक्तानी प्रणालीबाट गरिनेछ । पेश्की तथा आशिंकरुपमा रकम उपलब्ध गराइनेछैन ।

५.२ प्रस्ताव सम्बन्धी फाराममा उल्लिखित कबोल छुट प्रतिशत सम्झौता भएको मितिले १ वर्षको लागि कायम रहनेछ ।

**६. बिबिध व्यवस्था**

६.१ प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

६.२ प्रस्ताव सम्वन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) वमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## खण्ड ख:

आर्थिक प्रस्ताव

| क्र.सं. | पत्रपत्रिकाको नाम | एकमुष्ठ छुट प्रतिशत | |
|---|---|---|---|
| | | छुट प्रतिशत अंकमा | अक्षरमा |
| १ | गोरखापत्र | | |
| २ | कान्तिपुर दैनिक | | |
| ३ | नागरिक दैनिक | | |
| ४ | अन्नपूर्ण पोष्ट दैनिक | | |
| ५ | नेपाल समाचारपत्र दैनिक | | |
| ६ | नयाँ पत्रिका दैनिक | | |
| ७ | राष्ट्रिय अभियान दैनिक | | |
| ८ | कारोबार दैनिक | | |
| ९ | दि हिमालयन टाइम्स दैनिक | | |
| १० | The Rising Nepal | | |
| ११ | The Kathmandu Post | | |
| १२ | Republica | | |
| १३ | The Himalayan Times | | |

नोटः

१) छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारीक रुपमा प्रकाशित दर रेटमा लागु हुनेछ ।

२) छुट प्रतिशत सम्झौता भएपश्चात १ वर्षसम्मको लागि लागू हुनेछ ।

३) आधिकारीक रुपमा प्रकाशित दर रेटमा उल्लेखित कवोल छुट रकम घटाए पछि आउने रकममा मुल्य अभिवृद्धि कर लाग्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
धादिङ
बागमती प्रदेश, नेपाल

CamScanner

## खण्ड ग

## सम्झौता पत्र

**रूवी भ्याली गाउँपालिका, सेर्तुङ, धादिङले.................................पत्रपत्रिकाहरुमा सुचना प्रकाशित गर्ने/गराउने सम्बन्धमा गाउँपालिकाको लागि कार्य गर्ने गरी गाउँपालिका र श्री ............................................बीच भएको संझौता–पत्र ।**

**रुवी भ्याली** गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सेर्तुङ, धादिङ (यसपछि प्रथम पक्ष भनिएको) र नेपाल सरकार.......................... दर्ता भएको श्री...................................... (यसपछि द्वितीय पक्ष भनिने) का बीच प्रथम पक्षको सुचनाहरु पत्रपत्रिकामा प्रकाशित गर्ने प्रयोजनको निमित्त द्वितीय पक्षले देहायका शर्त वन्देजहरुको अधिनमा रही कार्य गर्न सहमत भएकोले दुवै पक्षले रूवी भ्याली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सेर्तुङ, धादिङमा वसी यो सम्झौता गरी लियौं/दियौं।

**<u>शर्त बन्देजहरु:</u>**

१. यस सम्झौता हस्ताक्षर भएको मितिले १ वर्षको लागि मान्य हुनेछ ।

२. द्वितीय पक्षले देहायका पत्रपत्रिकामा देहायमा उल्लेखित छुट प्रतिशतका आधारमा प्रथम पक्षलाई विज्ञापन एजेन्सी सम्बन्धी सेवा उपलव्ध गराउनेछ ।

| क्र.सं. | पत्रपत्रिकाको नाम | एकमुष्ठ छुट प्रतिशत | |
|---|---|---|---|
| | | छुट प्रतिशत अंकमा | अक्षरमा |
| १ | गोरखापत्र | | |
| २ | कान्तिपुर दैनिक | | |
| ३ | नागरिक दैनिक | | |
| ४ | अन्नपूर्ण पोष्ट दैनिक | | |
| ५ | नेपाल समाचारपत्र दैनिक | | |
| ६ | नयाँ पत्रिका दैनिक | | |
| ७ | राष्ट्रिय अभियान दैनिक | | |
| ८ | कारोबार दैनिक | | |
| ९ | दि हिमालयन टाइम्स दैनिक | | |
| १० | The Rising Nepal | | |
| ११ | The Kathmandu Post | | |
| १२ | Republica | | |
| १३ | The Himalayan Times | | |

३. कवोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दर रेटमा लागु हुनेछ । आधिकारीक रुपमा प्रकाशित दर रेटमा उल्लेखित कवोल छुट रकम घटाएपछि आउने रकममा मुल्य अभिवृद्धि कर लाग्नेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी द्वितीय पक्षले यथासम्भव छिटो यस गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ ।

४. द्वितीय पक्षले सम्बन्धित पत्रपत्रिकाले सुचना प्रकाशित गर्ने सम्वन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको थप छुट प्रथम पक्षलाई समेत उपलव्ध गराउनु पर्नेछ ।

रुवी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ धादिङ
बागमती प्रदेश नेपाल

...कुमार जोले
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

५. द्वितीय पक्षले प्रकाशन गर्नु पर्ने सुचना प्रथम पक्षले दिएको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

६. प्रथम पक्षले दिएको आदेश विपरित प्रकाशित सामाग्रीको रकम प्रथम पक्षले भुक्तानी गर्ने छैन ।

७. प्रथम पक्षले समान्यतया सुचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिन अगावै यथासमयमै लिखित आदेश र सुचना उपलब्ध गराउने छ । तर आकस्मिक रुपमा सुचना प्रकाशन गर्नु पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा द्वितीय पक्षले तत्काल सोही दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. द्वितीय पक्षले प्रकाशित गर्नु पर्ने सुचना प्रथम पक्षले तोकेको ठाउँमा गई संकलन गर्नुपर्नेछ ।

९. द्वितीय पक्षले कार्य सम्पन्न भएपछि सो वापतको विल प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१०. द्वितीय पक्षको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनै पनि वखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ साथै, द्वितीय पक्षलाई प्रचलित नियमानुसार कालोसुचीमा राख्ने प्रकृया अगाडि बढाइनेछ ।

११. यस सम्झौता बमोजिम कार्य सम्पादन गर्दा कुनै विवाद उत्पन्न भएमा सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम विवादको सामाधान गरिनेछ ।

१२. प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर द्वितीय पक्ष स्वयंले व्यहोर्नु पर्नेछ । यो रकम द्वितिय पक्षले भुक्तानी पाउने रकम बाट कट्टा गरी सम्वन्धित सरकारी राजश्व खातामा जम्मा गरिनेछ ।

१३. द्वितीय पक्षले पेश गरेको कोटेशन तथा प्रथम पक्ष र द्वितीय पक्ष वीच भएका पत्राचारहरु यस सम्झौताका अभिन्न अंग मानिनेछ ।

प्रथम पक्षको तर्फवाट

दस्तखतः

नामः

पदः

द्वितीय पक्षको तर्फवाट

दस्तखतः

नामः

पदः

छापः

गाउँपालिकाको नाम र छापः

दस्तखतः

नामः

पदः

रोहवर / साक्षी

दस्तखतः

नामः

पदः

इति सम्वत २०८० साल............ महिना............ गते रोज ......... शूभम् ।

रुबी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

नविन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत

CamScanner